**प्राइम लाइफ**

सुरक्षित भविष्य

# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

हात्तिसार, काठमाडौं

## आर्थिक बर्ष २०७७/०७८ को दोस्रो त्रैमासिक (पौष मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.स | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १६,२७७,१४६ | १५,६८०,३४६ | १३,३१७,१४३ |
| १.१ | चूक्ता पूंजी | २,४१७,०५७ | २,२५८,९३२ | २,००७,९३९ |
| १.२ | जगेडा तथा कोष | ६१७,२७१ | ९०६,००१ | १,०४४,७८१ |
| १.३ | जीवन बीमा कोष | १३,०९६,०४३ | १२,३७४,२०६ | १०,१३५,४३८ |
| १.४ | महाबिपत्ती कोष जगेडा | १४६,७७५ | १४१,२०७ | १२८,९८५ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १६,२७७,१४६ | १५,६८०,३४६ | १३,३१७,१४३ |
| २.१ | स्थिर सम्पत्ती (खुद) | २४१,१०८ | २३३,७४७ | २०१,८१३ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | १२,८१०,८२६ | ११,३९६,१९४ | ८,५२१,६१७ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,३६९,३३० | १,२८३,०९४ | १,०९२,१७३ |
| २.४ | खुद चालू सम्पत्ती (३ - ४) | १,८५५,८८२ | २,७६७,३११ | ३,५०१,५४० |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरू (३.१ देखि ३.३ सम्म) | ३,२२२,९६६ | ३,८५०,८४२ | ४,५०८,१८० |
| ३.१ | नगद तथा बैंक मौज्दात | २२,७४३ | ४७,७३८ | ६०,४४६ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २,०३८,३०९ | २,७२८,२९८ | ३,४०६,४१८ |
| ३.३ | अन्य सम्पति | १,१६१,९१४ | १,०७४,८०६ | १,०४१,३१६ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरू (४.१ देखि ४.४ सम्म) | १,३६७,०८४ | १,०८३,५३१ | १,००६,६४० |
| ४.१ | चालु दायित्व | ६०३,४९२ | ४८५,८०५ | २९५,२२१ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ४१०,००० | ३८०,००० | ५२०,००० |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत ब्यवस्था | १२,६५३ | ९,९५५ | १४,३८२ |
| ४.४ | अन्य ब्यवस्था | ३४०,९३९ | २०७,७७१ | १७७,०३७ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २४७,२४५ | १५७,०३० | २००,६८९ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ३७,१०७ | २६,९९१ | ७०,४२९ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १३५,८५० | ७४,३५० | १३०,२६० |
| १.४ | व्यवस्था फिर्ता | ७४,२८८ | ५५,६८९ | - |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरू (२.१ देखि २.८ सम्म) | ५३,५८८ | ३६,२५६ | ४४,६३५ |
| २.१ | व्यवस्थापन खर्च | २९,६४२ | १३,१७८ | २७,८१७ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्चहरू | २,३०९ | - | १,२१३ |
| २.४ | नोक्सानीको लागी व्यवस्था | ११९ | ९,६५९ | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनस व्यवस्था | २१,५१८ | १३,४१९ | १५,६०५ |
| २.७ | समायोजित आयकर | - | - | - |
| २.८ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/(नोक्सान) (१ - २) | १९३,६५७ | १२०,७७४ | १५६,०५४ |
| | **एकिकृत आय व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ३,१५४,६५८ | १,८३७,३७२ | २,५३५,७२८ |
| १.१ | बीमाशुल्क (खुद) | २,००८,०५६ | १,०६५,७०३ | १,५८१,०५५ |
| १.२ | पुनर्बीमा कमिशन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ५५२,५६५ | २७२,७८५ | ४३५,८९४ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ६३,४२० | ३१,३४३ | ४९,३७१ |
| १.५ | अन्य प्रत्यक्ष आय | २२,१९९ | ११,८४० | १२,६१२ |
| १.६ | यस बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ८,४१८ | ५,७०१ | ६,७९६ |
| १.७ | यस बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | ५००,००० | ४५०,००० | ४५०,००० |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १,४३८,३२३ | ९०९,७४२ | १,२७१,८५० |
| २.१ | दावी भुक्तानी (खुद) | ४९६,११२ | २६६,४४६ | ३०३,७२१ |
| २.२ | अभिकर्ता कमिशन | २३०,२१९ | १२२,८२१ | १६५,७३४ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २,४८१ | १,२५९ | १,८५२ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | २०,०८१ | १०,६५७ | १५,८११ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | व्यवस्थापन खर्च | २६६,७७७ | ११८,६०४ | २५०,३५० |
| २.८ | आयकर | - | - | - |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १२,६५३ | ९,९५५ | १४,३८२ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | ४१०,००० | ३८०,००० | ५२०,००० |
| ३ | वचत (१-२) | १,७१६,३३५ | ९२७,६३० | १,२६३,८७८ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | १,६७९,२२८ | ९००,६४० | १,१९३,४५० |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३७,१०७ | २६,९९१ | ७०,४२९ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमा शुल्क आर्जन रकम (यस वर्ष) | २,०३०,३१३ | १,०७७,४८० | १,५९७,४४० |
| २ | कुल बीमा शुल्क आर्जन रकम (हाल सम्म) | २०,४७८,७८१ | १९,५२५,९४८ | १६,७४५,७५७ |
| ३ | कुल कायम रहेको बीमालेखको संख्या | २५४,९७६ | २७४,१९७ | ३३०,०३९ |
| ४ | कुल जारी बीमालेखको संख्या | १,७२५,४९९ | १,७१७,४२८ | १,६९४,५४९ |
| ५ | घोषित मुनाफा (वोनस) को दर (प्रति हजार) | ३०-७५ | ३५-७५ | ३५-७५ |
| ६ | अन्तरिम मुनाफा (बोनस) को दर (प्रति हजार) | ३०-७५ | ३५-७५ | ३५-७५ |
| ७ | कुल दावी भुक्तानी रकम | ५४२,२०५ | २९२,८०३ | ३४१,२६५ |
| ८ | कुल दावी भुक्तानी संख्या | १,७२३ | ६७९ | १,३८७ |
| ९ | भुक्तानी हुन बाँकी दावी रकम | १३,७०७ | १०,१७४ | १६,०८१ |
| १० | भुक्तानी हुन बाँकी दावी संख्या | ६२ | ४४ | ४६ |

**द्रष्टव्यः**

१. लेखापरीक्षण नभएका अंकहरू नियमन निकायको निर्देशन तथा लेखापरीक्षण पश्चात हेरफेर हुन सक्नेछन ।

२. आ.व. २०७७/७८ को सामान्य म्यादी जीवन बीमालेखको असमाप्त जोखिम बापत व्यवस्था समानूपातिक हिसावले राखिएको छ । बीमांकिय मूल्यांकन प्रतिवेदन प्राप्त भएपश्चात सोही बमोजिम हूनेछ ।

३. बीमा पुल बाट सञ्चालित बैदेशिक रोजगार बीमाको बीमाशुल्क तथा बीमा दावि सम्वन्धि आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक अवधिको विवरण प्राप्त नभएकोले सो समावेश हून नसकेको ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७७/७८ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७७/७८ को दोश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरुः

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानीः** | रु.१६.०२ | **मूल्य आम्दानी अनुपातः** | ५०.६१ |
| **प्रति शेयर नेटवर्थ :** | रु.१३१.६१ | **प्रति शेयर कूल सम्पत्तीको मुल्यः रु.** | ७२९.९९ |

२. **व्यवस्थापकिय विश्लेषण** :

नेपालमा जीवन बीमा व्यवसायको विकासका लागि जनमानसमा जीवन बीमा शिक्षा मार्फत बीमाको महत्व तथा आवश्यकता सम्बन्धमा जनचेतना जगाई जीवन बीमा गराउने परिपाटीको क्रमिक विस्तार गर्नका लागी नियामक निकाय एवं जीवन बीमा व्यवसाय गरिआएका जीवन बीमा कम्पनीहरुबाट भएका बीमा सम्बन्धि जागरुक अभियान हाल देशका धेरैजसो भुभागमा पुगेको महसुस भएको छ। यस कम्पनीले देशका विभिन्न स्थानमा कार्यालय सञ्जाल (शाखा/उपशाखा) स्थापना गरि जीवन बीमा सेवा दिई जनमानसमा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभुती दिलाउन कम्पनी हालसम्म सफल रहेको छ साथै यस्तो उपलब्धि नियमित गर्न कम्पनीको व्यवस्थापन निरन्तर प्रयत्नरत छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** : नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण** :

शेयर बजारको अध्ययन र अनुसन्धान तथा कम्पनी विशेषको सञ्चालन लगायतका अवस्थाको आधारमा लगानी गर्ने परिपाटीको विकास भईरहेको हालको अवस्थामा शेयर बजारको उतारचढावको अवस्थालाई लगानीकर्ताहरुले सहि विश्लेषण गरि, सजगता अपनाई लगानी गर्नुहनेछ र देशको आर्थिक वातावरण निरन्तर कायम रहनेछ भन्ने कम्पनीको व्यवस्थापनको धारणा रहेको छ।

कम्पनीको चालु आर्थिक वर्ष २०७७/७८ को दोश्रो त्रैमासिक अवधिमा भएको शेयर कारोवारको विवरण (नेपाल स्टक एक्स्चेन्ज लि. को वेवसाइट अनुसार) निम्नबमोजिम रहेको छ :

| शेयरको अधिकतम मुल्य | शेयरको न्युनतम मुल्य | शेयरको अन्तिम मुल्य | कारोवार भएको जम्मा दिन | शेयर कारोवार संख्या |
|---|---|---|---|---|
| रु. ९००।- | रु. ६३२।- | रु. ८११।- | ५८ | २८,७७,४९१ |

५. **समस्या तथा चुनौती** :

जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्ः

- नेपालका सम्पूर्ण भुभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भइरहेको भएतापनि देशको बिकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा जनचेतनाको कमी रहनु।
- जीवन बीमा विषयमा अध्ययन/अध्यापनको आवश्यकता अनुरुप विस्तार हुन नसकिरहेको अवस्था।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास हुन थप प्रयाश आवश्यक रहेको अवस्था।
- बीमा वजारमा क्रियाशिल अभिकर्ताहरु पूर्ण व्यवसायिक र पेशागत हुन नसकेको अवस्था।
- COVID – 19 महामारीका कारणले गर्दा बीमा सम्वन्धि केही अन्योल सृजना भई व्यवसायिक स्थितीमा केहि सिथिलता आएको भएतापनि हाल यस महामारी रोगलाई चुनौतीको रुपमा लिनुपर्ने अवस्था नैं रहेको छ।

बीमा क्षेत्रमा रहेका उल्लेखित समस्या तथा चुनौतीहरुलाई सामना गर्दै नविनतम, उच्चस्तरीय र आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गरि संस्थागत कुशल व्यवस्थापन तथा पारदर्शिता जस्ता नीतिहरु अवलम्बन गरी बीमा शिक्षा तथा सचेतना कार्यक्रमहरुलाई समेत व्यवसाय विस्तारमा प्रयोग गर्दै नेपाल राज्यभर विस्तारित कार्यालय सञ्जालहरुको माध्यमबाट व्यवसायिक लक्ष्य हासिल गर्न कम्पनी अनवरत प्रयासरत छ।

६. **संस्थागत सुशासन**:

विद्यमान ऐनकानून तथा नियमन निकायबाट लागू गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरि लागू गरेका विभिन्न नीतिनियमहरु बमोजिम कार्यसम्पादन गरि कम्पनीका सञ्चालक एवं व्यवस्थापनका व्यक्तिहरु रहने गरि लेखापरीक्षण समिति, लगानी समिति, मानव संशाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति र आवश्यकतानुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामुहिक रुपमा निर्णयहरु गरि जोखिमलाई कमी गर्ने, स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरीक्षण गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना गरिआएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण**:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।